प्रधान कार्यालय,
मानवश्रोत व्यवस्थापन विभाग

# Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/०५/३०)

श्री लोक सेवा आयोगको सहमति अनुसार यस बैंकको आ.व.२०७६/७७ को स्वीकृत दरबन्दीका आधारमा रिक्त रहेका निम्न पदहरुमा खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७६/०५/३० देखि Online दरखास्त फाराम भर्न आह्वान गरिएको छ। बैंकले तोकेको Online फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी सो को साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, समावेशी समूहका लागि तोकिएको प्रमाणपत्र, अनुभव चाहिने पदका लागि तोकिएको अनुभवको प्रमाणपत्र र हालसालै खिचेको पासपोर्ट साइजको फोटो Scan/Attach गरी तोकिएको शुल्क तिरी मिति २०७६/०६/१९ सम्म Online दरखास्त पेश गर्नुपर्नेछ। म्याद भित्र दाखिल नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन। झुट्टा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ।

| विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| २०७६/७७/१८ | सहायक प्रबन्धक | ६ | खुला | ६९ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातकोत्तर उत्तिर्ण। |
| | | | महिला | १९ | |
| | | | आ.ज. | १६ | |
| | | | मधेशी | १२ | |
| | | | दलित | ५ | |
| | | | अपाङ्ग | ३ | |
| | | | पि.क्षे. | २ | |
| २०७६/७७/१९ | सहायक प्रबन्धक (CA) | ६ | खुला | ६ | मान्यता प्राप्त संस्थाबाट सि.ए./ ए.सि.सि.ए उत्तिर्ण। |
| | | | महिला | १ | |
| | | | आ.ज. | १ | |
| | | | मधेशी | १ | |
| | | | दलित | १ | |
| २०७६/७७/२० | सहायक (IT) | ४ | खुला | २ | मान्यताप्राप्त संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धि न्युनतम ६ महिना तालिम गरी कम्प्युटर सञ्चालनमा १ बर्षको अनुभव हासिल गरेको। |
| | | | महिला | १ | |
| | | | आ.ज. | १ | |

**प्रदेशगत विज्ञापन (सहायक पदको लागि) :**

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/२१ | सहायक | ४ | खुला | १३ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातक उत्तिर्ण। |
| | | | | महिला | ४ | |
| | | | | आ.ज. | ३ | |
| | | | | मधेशी | ३ | |
| | | | | दलित | १ | |
| | | | | पि.क्षे. | १ | |

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| प्रदेश नं.२ अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/२२ | सहायक | ४ | खुला | १७ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातक उत्तिर्ण । |
| | | | | महिला | ४ | |
| | | | | आ.ज. | ३ | |
| | | | | मधेशी | ३ | |
| | | | | दलित | १ | |
| | | | | अपाङ्ग | १ | |
| | | | | पि.क्षे. | १ | |
| प्रदेश नं. ३ अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/२३ | सहायक | ४ | खुला | ९२ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातक उत्तिर्ण । |
| | | | | महिला | २५ | |
| | | | | आ.ज. | २० | |
| | | | | मधेशी | १६ | |
| | | | | दलित | ७ | |
| | | | | अपाङ्ग | ४ | |
| | | | | पि.क्षे. | ३ | |
| गण्डकी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/२४ | सहायक | ४ | खुला | ३० | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातक उत्तिर्ण । |
| | | | | महिला | ८ | |
| | | | | आ.ज. | ७ | |
| | | | | मधेशी | ५ | |
| | | | | दलित | १ | |
| | | | | अपाङ्ग | २ | |
| | | | | पि.क्षे. | १ | |
| प्रदेश नं. ५ अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/२५ | सहायक | ४ | खुला | २० | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातक उत्तिर्ण । |
| | | | | महिला | ५ | |
| | | | | आ.ज. | ५ | |
| | | | | मधेशी | ३ | |
| | | | | दलित | २ | |
| | | | | अपाङ्ग | १ | |
| | | | | पि.क्षे. | १ | |
| कर्णाली प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/२६ | सहायक | ४ | खुला | १६ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातक उत्तिर्ण । |
| | | | | महिला | ४ | |
| | | | | आ.ज. | ३ | |
| | | | | मधेशी | ३ | |
| | | | | दलित | २ | |
| सूदूरपश्चिम प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/२७ | सहायक | ४ | खुला | ६ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातक उत्तिर्ण । |
| | | | | महिला | २ | |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | १ | |
| | | | | दलित | १ | |

**कनिष्ठ सहायक (Gold Tester) पदको लागि प्रदेशगत विज्ञापन:**

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/२८ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ७ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापनमा प्रमाणपत्र/+२ उतीर्ण गरेको |
| | | | | महिला | २ | |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | १ | |
| | | | | अपाङ्ग | १ | |

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| प्रदेश नं.२ अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/२९ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ८ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापनमा प्रमाणपत्र/+२ उतीर्ण गरेका |
| | | | | महिला | २ | |
| | | | | आ.ज. | २ | |
| | | | | मधेशी | १ | |
| | | | | अपाङ्ग | १ | |
| प्रदेश नं. ३ अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/३० | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ९ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापनमा प्रमाणपत्र/+२ उतीर्ण गरेका |
| | | | | महिला | २ | |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | १ | |
| | | | | अपाङ्ग | १ | |
| | | | | पि.क्षे. | १ | |
| गण्डकी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/३१ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ४ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापनमा प्रमाणपत्र/+२ उतीर्ण गरेका |
| | | | | महिला | १ | |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | १ | |
| | | | | दलित | १ | |
| प्रदेश नं. ५ अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/३२ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ७ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापनमा प्रमाणपत्र/+२ उतीर्ण गरेका |
| | | | | महिला | २ | |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | २ | |
| | | | | दलित | १ | |
| | | | | अपाङ्ग | १ | |
| कर्णाली प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/३३ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | २ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापनमा प्रमाणपत्र/+२ उतीर्ण गरेका |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | १ | |
| सूदूरपश्चिम प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २०७६/७७/३४ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | १ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापनमा प्रमाणपत्र/+२ उतीर्ण गरेका |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | १ | |

(१) समावेशी समुहको लागि छुट्याइएको पदमा देहाय बमोजिम हुने गरी Online दरखास्त दिनुपर्नेछ ।

क) आदिवासी /जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा, तर नेपाल आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर राष्ट्रिय दलित आयोगबाट सुचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमूखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको तिन महिना ननाघेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(२) सेवाको किसिम: स्थायी

(३) तलव तथा अन्य सुविधा: बैकको प्रचलित नियम अनुसार ।

(४) उम्मेदवारको उमेर: Online दरखास्त दिने अन्तिम मिति (अर्थात २०७६/०६/१९ गते) सम्ममा तह ६ सहायक प्रवन्धक पदका लागि २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । तह ४ सहायक र तह ३ कनिष्ठ सहायक (Gold Tester) पदका लागि १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० बर्ष ननाघेको । बैंकको वहालवाला स्थायी कर्मचारीलाई उल्लेखित उमेरको हद लाग्ने छैन ।

(५) उम्मेदवारको छनौट विधि: लिखित तथा अन्तरवार्ता । तह ३ कनिष्ठ सहायक (Gold Tester) पदको हकमा प्रयोगात्मक परीक्षा समेत सञ्चालन हुनेछ ।

(६) अन्य सेवा शर्त: नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६८ बमोजिम ।

(७) परीक्षणकाल अवधि: १ वर्ष (महिला कर्मचारीलाई ६ महिना) ।

(८) परीक्षा शुल्क : तह ६ सहायक प्रवन्धकको खुला समूहका लागि रू. ८००/- (आठ सय) र उक्त पदको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रू. २००/- (दुई सय) ।

तह ४ सहायक, सहायक (IT) र तह ३ कनिष्ठ सहायक (Gold Tester) पदको खुला समूहका लागि रू. ६००/- (छ सय) र उक्त पदहरुको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रू. १००/- (एक सय) ।

(रीत नपुगेको कारण अस्वीकृत हुने आवेदनहरुको परीक्षा शुल्क फिर्ता हुनेछैन ।)

(९) परीक्षा शुल्क बुझाउने प्रक्रिया: Online आवेदन Submit गरे पश्चात प्राप्त हुने निर्देशन बमोजिम eSewa मार्फत दरखास्त शुल्क भुक्तानी गर्नुपर्नेछ ।

(१०) उपरोक्त पदहरुको **लिखित परीक्षा लोक सेवा आयोगबाट** सञ्चालन हुनेछ । लिखित परीक्षा र परीक्षा केन्द्र सम्बन्धि सूचना मिति २०७६/०७/०१ गते प्रकाशित गरिनेछ ।

(११) छनौट भई नियुक्ति गरिएका कर्मचारीहरुले बैकले खटाएको जुनसुकै कार्यालय/शाखामा गई काम गर्नुपर्नेछ ।

(१२) तह ४ सहायक, र तह ३ कनिष्ठ सहायक (Gold Tester) पदको लिखित परीक्षामा सफल हुने उम्मेदवारहरुलाई अन्तर्वार्ताको समयमा सम्वन्धित प्रदेश अन्तरगतका शाखाहरुको शाखागत छनौट सुची प्रदान गरिनेछ । उम्मेदवारले प्राथमिकताको आधारमा छनौट गरेका शाखा/कार्यालयहरुमा निजको अन्तिम योग्यताक्रमका आधारमा क्रमश: नियुक्ति गरिनेछ । सुरु नियुक्ति भएको शाखा/कार्यालयमा नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावलीको विनियम ७ को खण्ड ४ वमोजिम निम्न अवधि वा पदोन्नती नहुँदा सम्म जून कम हुन्छ सो समय सम्म सेवा गर्नुपर्नेछ ।

- क र ख समूहका शाखा/कार्यालयमा - न्यूनतम ५ वर्ष
- ग समूहका शाखा/कार्यालयमा - न्यूनतम ६ वर्ष
- घ र ङ समूहका शाखा/कार्यालयमा - न्यूनतम ७ वर्ष

(१३) एक भन्दा बढी विज्ञापनमा Online दरखास्त फाराम भर्दा प्रत्येक विज्ञापनको लागि अलग अलग नै दरखास्त शुल्क भुक्तानी गर्नुपर्नेछ ।

(१४) दरखास्त फाराम भर्न नेपाल बैंक लिमिटेडको Website: www.nepalbank.com.np को Careers मा Apply Online बटनमा Click गरी वा सोझै http://jobs.nbl.com.np/Recruitment/rec/Default.aspx मा राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

(१५) लिखित परीक्षाको पाठ्यक्रम नेपाल बैंक लिमिटेडको Website: www.nepalbank.com.np को Careers Tab मा राखिएको छ ।

(१६) आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पुर्ण अधिकार बैंकलाई हुनेछ । आवेदन स्वीकृत भएका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराइनेछ ।

(१७) दरखास्त सम्बन्धि कुनै जानकारी लिनु परेमा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभागको email:exam.hrd@ nepalbank.com.np तथा फोन नम्बर ०१४२२११८५ एक्सटेन्सन नं. २१० र ४०७ मा सम्पर्क राख्न सकिनेछ ।

(१८) तह ४ सहायक र तह ३ कनिष्ठ सहायक (Gold Tester) पदको हकमा उम्मेदवारले आफुले चाहेको कुनै एक प्रदेशमा मात्र दरखास्त पेश गर्नुपर्नेछ ।

(१९) तह ४ सहायक पदको लिखित परीक्षा सबै प्रदेशमा एकै मिति र समयमा सञ्चालन हुनेछ ।

(२०) तह ३ कनिष्ठ सहायक (Gold Tester) पदको लिखित परीक्षा सबै प्रदेशमा एकै मिति र समयमा सञ्चालन हुनेछ ।

सदस्य सचिव
पदपुर्ति समिति
नेपाल बैंक लिमिटेड